
annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २५, अंक ५, पृष्ठ ८ | काठमाडौं, मंगलबार २२ वैशाख २०८३ | जेष्ठ कृष्णपक्ष चतुर्थी, नेपाल संवत् ११४६ | TUESDAY, MAY 5, 2026 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०



आवरण समाचार

# जलवायुको मारमा जलविद्युत् : खर्बौं लगानी संकटमा

**नेपालमा करिब ७२ हजार मेगावाट जलविद्युत् सम्भावना भए पनि जलवायु परिवर्तनले यस क्षेत्रलाई गम्भीर जोखिममा पारेको छ। बाढी, पहिरो, खडेरी, अनियमित वर्षा र घट्दो हिमपातका कारण उत्पादन घट्नुका साथै आयोजनाहरूमा भौतिक क्षति बढेको छ, जसले ऊर्जा सुरक्षा र समग्र अर्थतन्त्रलाई असर पारिरहेको छ। निजी क्षेत्रसहित करिब १३ खर्ब रुपैयाँ लगानी र बैंकहरूको ठूलो ऋणसमेत जोखिममा परेको छ।**

सुनिता कार्की | *काठमाडौं*

विस्तृत पृष्ठ २

## व्यवसायी गोल्छा छुटेलगत्तै पुनः पक्राउ



**काठमाडौं** (अन्नपूर्ण): नेपाल उद्योग वाणिज्य महासंघका पूर्वअध्यक्ष तथा व्यवसायी शेखर गोल्छा धितोपत्रसम्बन्धी मुद्दामा ५ लाख रुपैयाँ धरौटी बुझाएर रिहा भएसँगै पुनः पक्राउ परेका छन्। प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरोले उनलाई बिमा ऐनसम्बन्धी कसुरमा हिरासतबाट निस्कन नपाउँदै पुनः नियन्त्रणमा लिएको हो।

सर्वोच्च अदालतले व्यवसायी शेखर गोल्छालाई धरौटी वा जमानतमा छोड्न सोमबार आदेश दिएको छ। न्यायाधीशद्वय महेश शर्मा पौडेल र श्रीकान्त पौडेलको संयुक्त इजलासले धरौटी वा जमानत दिन नसकेको अवस्थामा मात्र हिरासतमा राखी अनुसन्धान गर्न सोमबार परमादेश जारी गरेको छ। पत्नी सीमा गोल्छाले दायर गरेको बन्दीप्रत्यक्षीकरणसम्बन्धी रिटमा सुनुवाइ गर्दै सर्वोच्चले बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न नमिल्ने ठहर गरेको छ। वैशाख ११ गते व्यवसायी गोल्छालाई धितोपत्रसम्बन्धी ऐन, २०६३ अन्तर्गतको कसुरमा अनुसन्धानका लागि हिरासतमा राख्न जिल्ला अदालत काठमाडौंले अनुमति दिएको थियो। सर्वोच्चले अनुसन्धान अधिकारीले धरौटी वा जमानत माग नगरी अनुसन्धानका लागि हिरासतमा राख्न अनुमति लिने-दिने कार्य भएको निष्कर्ष निकालेको छ।

'धितोपत्रसम्बन्धी कसुरका हकमा यी निवेदकसँग धरौटी वा जमानत माग गरी कानुनी व्यवस्थाअनुसार आवश्यक अनुसन्धान गर्न र धरौटी वा जमानत दिन नसकेको अवस्थामा मात्र हिरासतमा राखी अनुसन्धान गर्न परमादेश जारी गरिएको छ,' आदेशमा भनिएको छ, 'प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि धितोपत्रसम्बन्धी ऐनबमोजिम कसुर ठहरिने मुद्दाको तहकिकात गर्दा कारबाही चलाइएको व्यक्ति फरार भई बेपत्ता हुन सक्छ भनी सम्झनुपर्ने कुनै मनासिब कारण भएमा वा बिगो, हानिनोक्सानी भएको देखिएमा यस ऐन बमोजिमको मुद्दामा अनुसन्धान गर्ने अधिकारीले आवश्यक धरौटी वा जेथा जमानत माग्न र त्यस्तो धरौटी वा जमानत नदिएमा निजलाई थुनामा राख्न सक्ने छ भन्ने व्यवस्था रहेको देखिन्छ।'

वैशाख १० गते गोल्छालाई नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरोले पक्राउ गरेको थियो। गोल्छाकी पत्नी सीमाले वैशाख १४ गते केन्द्रीय अनुसन्धान ब्युरोसहित काठमाडौं जिल्ला अदालत र जिल्ला सरकारी वकिल कार्यालयलाई विपक्षी बनाई बन्दीप्रत्यक्षीकरणको रिट निवेदन दायर गरेकी थिइन्।

बाँकी पृष्ठ ३

## 'भारत र चीनलाई पठाइएको कूटनीतिक नोट औपचारिक'

राधा खनाल | *काठमाडौं*

नेपाली भूमि लिपुलेक हुँदै भारत र चीनबीच सञ्चालन गर्न लागिएको कैलाश मानसरोवर यात्रासम्बन्धी विषयमा नेपाल सरकारले दुवै देशलाई कूटनीतिक नोट औपचारिक रूपमा पठाएको स्पष्ट पारेको छ। परराष्ट्र मन्त्रालयका प्रवक्ता लोकबहादुर पौडेल क्षेत्रीले चीन र भारतलाई कूटनीतिक नोट पठाएको बताएका छन्।

सरकारका प्रवक्ता शिक्षामन्त्री सस्मित पोखरेलले पनि सरकारको अडान दुवै छिमेकीलाई स्पष्ट पारिसकेको बताए। 'नेपाली भूमि लिपुलेक हुँदै आयोजना गर्ने भनिएको कैलाश मानसरोवर यात्राका सम्बन्धमा नेपाल सरकारले आफ्नो स्पष्ट अडान र सरोकार भारत र चीन दुवै पक्षलाई कूटनीतिक माध्यमबाट पुनः अवगत गराएको छ,' पोखरेलले भने, 'सीमा विवादबारे हामीले परराष्ट्र मन्त्रालयमार्फत बोलिसकेका छौं। त्यो हाम्रो भूमि हो भन्नेमा हामी स्पष्ट छौं।'

यस्तो कूटनीतिक नोट अहिलेको सरकारले मात्र पठाएको होइन। नेपालले आफ्नो आधिकारिक नक्सामा महाकाली नदीपूर्वका लिम्पियाधुरा, लिपुलेक र कालापानीलाई समेटेको छ। तर भारत र चीनले उक्त क्षेत्रलाई प्रयोग गर्दै व्यापारिक मार्ग सञ्चालन गर्ने सहमति गरेका छन्। भारतीय



प्रधानमन्त्री नरेन्द्र मोदीले सन् २०१५ मा चीन भ्रमणका क्रममा 'लिपुलेक पास हुँदै व्यापार गर्ने' सहमति गरेका थिए।

त्यसबेला तत्कालीन सुशील कोइराला नेतृत्वको सरकारले तुरुन्तै विरोध जनाउँदै दुवै देशलाई कूटनीतिक नोट पठाएको थियो। त्यसयता नेपालले पटक-पटक विरोध जनाउँदै आएको छ। केपी शर्मा ओली नेतृत्वको सरकारका बेला परराष्ट्रमन्त्री प्रदीप

> नेपाली भूमि लिपुलेक हुँदै आयोजना गर्ने भनिएको कैलाश मानसरोवर यात्राका सम्बन्धमा नेपाल सरकारले आफ्नो स्पष्ट अडान र सरोकार भारत र चीन दुवै पक्षलाई कूटनीतिक माध्यमबाट पुनः अवगत गराएको छ। सीमा विवादबारे हामीले परराष्ट्र मन्त्रालयमार्फत बोलिसकेका छौं। त्यो हाम्रो भूमि हो भन्नेमा हामी स्पष्ट छौं।
>
> **सस्मित पोखरेल**, शिक्षामन्त्री

ज्ञवाली हुँदा पनि सरकारी स्तरबाट कूटनीतिक नोट पठाइएको थियो।

परराष्ट्र मन्त्रालयले मिडियाकर्मीहरूले सोधेका प्रश्नको जवाफ स्वरूप जारी गरेको विज्ञप्तिमा नेपालले कैलाश मानसरोवर यात्रासम्बन्धी विषयमा आफ्नो स्पष्ट अडान भारत र चीन दुवैलाई कूटनीतिक माध्यमबाट पुनः अवगत गराएको उल्लेख छ।

भारतले नेपाली भूमि लिपुलेक हुँदै एकतर्फी रूपमा कैलाश मानसरोवर यात्रा पुनः सञ्चालन गर्ने तयारी थालेको छ। कोभिड-१९ महामारीका मौका पारेर भारतले नेपाली भूभाग हुँदै मानसरोवर जोड्ने सडक बनाउन थालेको हो।

परराष्ट्र मन्त्रालयका अनुसार सन् १८१६ को सुगौली सन्धिअनुसार महाकाली नदीपूर्वका लिम्पियाधुरा, लिपुलेक र कालापानी नेपालको अभिन्न भूभाग हुन् र यस विषयमा नेपाल सरकार पूर्णरूपमा स्पष्ट र अडिग छ।

यसअघि पनि नेपाल सरकारले भारतलाई उक्त क्षेत्रमा सडक निर्माण, सीमा व्यापार तथा तीर्थयात्रा जस्ता गतिविधि नगर्न आग्रह गर्दै आएको मन्त्रालयले जनाएको छ। साथै, ऐतिहासिक सन्धि, प्रमाण र नक्साका आधारमा सीमा विवाद कूटनीतिक माध्यमबाट समाधान गर्न नेपाल सधैं प्रतिबद्ध रहेको पनि स्पष्ट गरिएको छ।

तर, नेपालले पटक-पटक पठाएको कूटनीतिक नोटलाई भारतले बेवास्ता गर्दै आएको आरोप छ।

भारतले सन् २०१९ मा जारी गरेको नयाँ नक्सामा लिम्पियाधुरा, लिपुलेक र कालापानी क्षेत्रलाई आफ्नो भूभागमा समेटेको थियो। नेपालले २०७७ जेठमा संविधान संशोधन गर्दै लिम्पियाधुरासम्मको भूभाग समेटेर नयाँ नक्सा जारी गरेको थियो।

बाँकी पृष्ठ ३

## पश्चिम बंगाल र असममा भाजपा, केरलामा बढारियो वाममोर्चा

**नयाँ दिल्ली** (एजेन्सी): भारतको पश्चिम बंगाल, असम, केरला, तमिलनाडु र पुडुचेरीका ८ सय २३ निर्वाचन क्षेत्रमा भएको चुनावको मतगणना अन्तिम चरणमा पुगेको छ। सार्वजनिक प्रारम्भिक नतिजाअनुसार पश्चिम बंगालमा भारतीय जनता पार्टी (भाजपा) ले ऐतिहासिक जिततर्फ अघि बढेको छ।

कुल २ सय ९४ सिटमध्ये भाजपाले १ सय ९५ सिटमा अग्रता बनाउँदै सत्तासिन तृणमूल कांग्रेस (टीएमसी) लाई पछि पारेको छ। प्रधानमन्त्री नरेन्द्र मोदी र गृहमन्त्री अमित शाहले यसलाई सुशासनको विजय र विकासको राजनीतिप्रतिको जनविश्वास भन्दै बंगालका जनताप्रति आभार व्यक्त गरे।

यद्यपि, चुनावी अनियमितताका कारण पश्चिम बंगालको फाल्टा विधानसभा क्षेत्रका २ सय ८५ मतदान केन्द्रमा भने मे २१ मा पुनः मतदान हुने निर्वाचन आयोगले जनाएको छ। असममा भाजपा नेतृत्वको एनडीए गठबन्धनले शानदार प्रदर्शन गर्दै कुल १ सय २६ सिटमध्ये १०० भन्दा बढी सिटमा अग्रता हासिल गरेको छ, जसले मुख्यमन्त्री हिमन्त बिस्वा शर्माको पकडलाई पुनः मजबुत बनाएको छ।

उता केन्द्र शासित प्रदेश पुडुचेरीमा पनि एनडीएले १५ सिट जितेर आफ्नो प्रभाव कायम राखेको छ। दक्षिण भारतका केरला र तमिलनाडुमा भने चुनावी समीकरण फरक देखिएको छ। केरलामा कांग्रेस नेतृत्वको यूडीएफले १ सय ४० सिटमध्ये १ सय २ सिटमा जित हासिल गर्दै १० वर्षदेखि सत्तामा रहेको वामपन्थी मोर्चालाई विस्थापित गरेको छ।

# उद्योग वाणिज्य महासंघको निर्वाचन आज




**काठमाडौं** (अन्नपूर्ण): नेपाल उद्योग वाणिज्य महासंघको ६०औं वार्षिक साधारणसभा तथा नयाँ कार्यकारिणी समितिको निर्वाचन काठमाडौंमा सुरु भएको छ। उच्च अदालत पाटनको अन्तरिम आदेशका कारण चैत २९-३० गते तय भएको कार्यक्रम स्थगित भएपछि साधारणसभाका लागि नयाँ मिति तय गरिएको थियो। ललितपुरमा सोमबार उद्घाटन सत्र भएको थियो।

महासंघ विधानअनुसार हालका वरिष्ठ उपाध्यक्ष रहेका अञ्जन श्रेष्ठ स्वतः अध्यक्ष बन्नेछन्। बाँकी ४ उपाध्यक्षसहित ७३ पदका लागि निर्वाचन हुनेछ। मंगलबार नेपाल प्रज्ञा प्रतिष्ठानमा महासंघको ७३ पदाधिकारीका लागि १ सय ३७ व्यवसायीबीच निर्वाचन हुँदैछ। महासंघमा जिल्ला/नगर, वस्तुगत र एसोसिएट समूहका विभिन्न पदमा प्रतिस्पर्धा हुनेछ भने वरिष्ठ उपाध्यक्ष, महिला उपाध्यक्ष र कोषाध्यक्षको निर्वाचन छुट्टै गरिनेछ।

विस्तृत पृष्ठ ५